# रामारोशन गाउँपालिका

# नीति तथा कार्यक्रम
## आ व २०७६/०७७

रामारोशन गाउँपालिका
शान्तडा अछाम
सुदूरपश्चिम प्रदेश नेपाल

## रामारोशन गाउँपालिकाको ऐतिहासिक तेस्रो गाउँ सभामा गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक बर्ष २०७६।०७७ का लागि मिति २०७६ असाढ १० गतेका दिन गाउँसभामा उपाध्यक्षबाट प्रस्तुत बार्षिक

## नीति तथा कार्यक्रम

*सभाका अध्यक्ष महोदय,*

गरिमामय तेस्रो गाउँसभामा उपस्थित नेपाल कम्यूनिष्ट पार्टीका प्रतिनिधि, नेपाली कांग्रेस पार्टीका प्रतिनिधीज्यू , कार्यपालिका सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु, कर्मचारीज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यू, सञ्चारकर्मी मित्रहरु, गैर सरकारी संघ संस्थाका प्रतिनिधीहरु, समाजसेवी, वुद्धिजीवी, सहिद तथा बेपत्ता परिवार, घाइते, जेलबन्दि, यातना पिडित तथा अपाङ्ग लगायत उपस्थित महानुभावहरु,

सर्वप्रथम यस गाउँपालिकाको तेस्रो गाउँसभाको महत्वपूर्ण घडीमा ऐतिहासिक १९ दिने जनआन्दोलन, १० बर्षे महान् जनयुद्ध र इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनमा न्याय र समानता स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्ने महान् ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै ती महान् सपुतलाई जन्म दिने महान आमा-बुवा प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।साथै जनयुद्ध र जनआन्दोलनका क्रममा घाइते र अपाङ्गहरुको स्वास्थ्य लाभको कामना गर्दै सम्मान प्रकट गर्दछु । यो परिवर्तनको अपेक्षारत जनयुद्ध तथा जनआन्दोलनमा सहयोग गर्ने सम्पूर्ण मुक्तिकामी जनसमुदायहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

*सभाध्यक्ष महोदय,*

सम्मानित सभामा यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गर्व महशुस भएको छ । यस नीति तथा कार्यक्रम भित्र सके सम्म सबै वर्ग, तह र क्षेत्रलाई समेटने प्रयास गरेको छु । आवश्यक छलफलपछि सभाले स्वीकृत गर्नेछ भन्ने पूर्ण विश्वासका साथ यस रामारोशन गाउँपालिकाको आ व २०७६।७७ को बार्षिक नीति तथा कार्यक्रम वाचन गर्न अनुमती चाहन्छु ।

### <u>भौतिक पूर्वाधार विकास नीति</u>

१. रामारोशन गाउँपालिकाको कार्यालय भवन, वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन, विद्यालय भवनहरुको निर्माण कार्यको थालनी गरी क्रमशः अगाडी बढाइनेछ ।
२. स्थानिय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल स्थापना कार्य प्रारम्भ गरिने छ ।
३. आगामी दिनमा सडक तथा अन्य निर्माण कार्य थालनी गर्दा डोजरले काम गर्नु पर्ने अवस्था आएमा प्राविधिकको सिफारिस अनिवार्य गरिनेछ ।
४. सडक गुरुयोजनालाई आधार मान्दै रामारोशन गाउँपालिका क्षेत्रभित्र चक्रपथ निर्माण कार्य प्रारम्भ गरिनेछ ।
५. विगतका आ ब मा सञ्चालित क्रमागत योजनाहरुलाई निरन्तरता दिइनेछ ।

६. रामारोशन गाउँपालिकाको क्षेत्रभित्र पर्ने मुख्य सडकमार्गको स्तरउन्नती गरिनेछ ।
७. गाउँपालिकाको केन्द्र देखि विभिन्न वडा तथा छिमेकी पालिका जोड्ने सडकहरुको स्तरउन्नती गरिनेछ ।
८. पुदु सांकोट साततले प्रर्यटकिय झो पु को प्रारम्भ गरिने छ ।
९. गाउँपालिका भित्रका मुख्य सडकहरुमा पर्ने सडक पुलहरुको निर्माण कार्य अगाडी बढाईने छ ।
१०. भौतिक संरचना निर्माण गर्दा प्रयोगकर्ता मैत्री संरचना निर्माणमा विषेश जोड दिइनेछ ।
११. भौतिक निर्माण कार्य गर्दा "भवन संहिता २०७२" लाई अवलम्वन गर्दै नयाँ भवन निर्माण गर्ने गराउने कार्य थालनी गरिनेछ ।
१२. रामारोशन गाउँपालिकाको आवश्यक ठाउँमा झोलुङ्गे पुल निर्माण गरिनेछ ।

## उर्जा व्यवस्थापन तर्फ

१. यस गाउँपालिका क्षेत्रभित्र विद्यमान विद्युतका काठेपोललाई फलामे पोलले विस्थापित गरिदै लगिनेछ र विद्युत लाइनको आवश्यक स्थानमा अर्थिङ्गको व्यवस्था गरिनेछ ।
२. लघु उद्यम सञ्चालनलाई प्रोत्साहन दिन विद्युत आपुर्तिको व्यवस्था मिलाइने छ, यसका लागि लघु जलविद्युत गृहहरु चौविसै घण्टा सञ्चालन हुने वातावरण मिलाइनेछ ।
३. गाउँपालिकामा केन्द्रिय प्रसारण लाइनको सव स्टेशन र विस्तारको लागि पहल गरिनेछ ।
४. ठुलो क्षमताको जलविद्युत आयोजना निर्माणको प्रक्रिया अगाडी बढाइनेछ ।
५. गाउँपालिका क्षेत्रभित्रका सबै लघु जलविद्युतहरुलाई एकिकृत गर्न मिनिग्रिड प्रक्रियालाई अघि बढाइनेछ ।
६. गाउँपालिका क्षेत्रभित्रका सबै लघु जलविद्युत दिगोपनाको लागि सम्वन्धित सरोकारवालाहरुको संलग्नतामा **"उर्जा मर्मत सम्भार कोष"** को व्यवस्था गरिनेछ ।
७. रामारोशन गाउँपालिकामा रहेका निर्माणाधिन गौरवका आयोजनाहरु मलातिकोट लघु जलविद्युत आयोजना र चाफामाण्डौ लघु जलविद्युत आयोजनाहरु यसै आ.व. मा सम्पन्न गरिनेछ ।

## खानेपानी तर्फ

१. गाउँपालिका क्षेत्रभित्र स्वच्छ र सुलभ रुपमा खानेपानीको आपुर्तिको व्यवस्था गरिनेछ ।
२. रामारोशन गाउँपालिकामा यो वर्ष ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना मार्फत वडा नं १, २, ४, ५र ७ मा नयाँ खानेपानी तथा सरसफाई योजनाहरु र सिचाइ योजनाहरु सुरु गर्न आवश्यक समअनुदानको व्यवस्था गरिनेछ ।
३. खानेपानी योजनाहरुको दिगो व्यवस्थापनका लागि 'खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका' कार्यान्वयनमा ल्याइनेछ ।
४. गाउँपालिका स्तरमा सञ्चालित खानेपानी योजनाहरुको मर्मत सम्भारका लागि गाउँपालिका खानेपानी मर्मत सम्भार कोष स्थापना गरी कोषमा प्रत्येक वर्ष रु ५ लाखको दरले बढाउदै लगिनेछ ।
५. खानेपानी, सिँचाईलाई व्यवस्थित निर्माणकार्य सञ्चालनका लागि जलउपयोग गुरुयोजना कार्यान्वयन गरिनेछ ।

## पर्यटन तर्फ

१. पर्यटन वर्ष २०२० लाई लक्षित गरि रामारोशनको विकास, संरक्षण तथा प्रचारप्रसारको लागी आवश्यक व्यवस्था गरिनेछ ।
२. पर्यटन वर्ष भरि आन्तरि तथा वाह्यपर्यटकहरुलाई अधिकतम् रुपमा भिऱ्याईने छ ।
३. रामारोशन क्षेत्रमा पाइने बन्यजन्तुहरुको संरक्षण तथा अबलोकन केन्द्रको विकासको लागी आवश्यक पहल गरिनेछ ।
४. स्थानिय कला संस्कृतिको माध्यमबाट पर्यटन प्रबर्द्धन गर्नका लागी विविध कार्यक्रम सञ्चालनको व्यवस्थाका साथै सुरक्षाको प्रवद्धन मिलाइने छ ।
५. पर्यटन तथा युद्ध पर्यटन गुरु योजना लागु गरीने छ ।
६. पर्यटकहरुको लागी सुविधा सम्पन्न होटलहरु होमस्टेहरु र रिसोर्टको व्यवस्था गरिने छ ।
७. पर्यटकहरुको लागी एक तालहरुवाट अर्को ताल सम्म घुम्नको लागी उचित व्यस्थापन गरिने छ ।

## आर्थिक विकास नीति

१. गाउपालिकाको आन्तरिक आम्दानी बढाउनको लागी सबै किसिमको व्यापार व्यावसायलाई करको दायरामा ल्याइनेछ ।
२. गैर कानुनि मदिरा निर्माणमा संलग्न नागरीकहरुकालागी वैकल्पिक आयआर्जनका उपायहरु खोजी गरीने छ।

## कृषि तर्फ

१. एक घर एक करेसाबारी, एक बस्ती एक कृषि फार्म स्थापना गर्ने कार्य प्रारम्भ गरिनेछ ।
२. तुलानात्मक लाभ दिन सक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हुन सक्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. एक वडा एक कृषि प्राबिधिक कार्यक्रम सञ्चालन गरिनेछ ।
४. व्यवसायिक कृषि उत्पादनमा जोड दिइनेछ ।
५. प्राङ्गारिक कृषि प्रणाली अबलम्बन गर्न बिशेष जोड दिइनेछ ।
६. गाउँपालिका क्षेत्र भित्र आलु तथा तरकारी बालिको क्षेत्र बिस्तार गरिनेछ ।
७. कृषि उपज संङ्कलन केन्द्र र हाटबजार स्थापना गरिनेछ ।
८. कृषि प्रसारका कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।
९. सहकारी तथा समूह करार खेति लाई प्रर्बद्धन गरिनेछ ।
१०. लोपउन्मुख स्थानीय बालीका जात संरक्षरणका कार्यक्रमलाई अगाडी बढाईनेछ ।

११. कृषि पेशालाई सम्मानजनक पेशामा रुपान्तरण गर्न किसान सम्मान कार्यक्रम अगाडि बढाईनेछ ।
१२. कृषि विमा कार्यक्रम अगाडी वढाईनेछ ।
१३. सम्भावनाको अध्यन गरी एक वड़ा एक उत्पादन कार्यक्रम प्रारम्भ गरिनेछ ।
१४. विउ उत्पादन तथा बहुउद्देशिय नर्सरी कार्यक्रम सञ्चालन गरिनेछ ।
१५. किवि खेतीलाई प्राथमिकता दिई थप कार्यक्रम अगाडी वढाईने छ ।

## पशु सेवा तर्फ

१. वडा स्तरबाट पशु स्वास्थ्य सेवा दिने व्यवस्था मिलाइने छ ।
२. पशु तथा पँक्षी गुणस्तरीय खोप सेवालाई नियमित तथा प्रभावकारी बनाइने छ ।
३. दुध तथा मासुमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन प्रक्रिया थालनी गरिनेछ ।
४. गाउँपालिका क्षेत्रभित्र रहेको निजि तथा सामुदायिक बाँझो जग्गा क्षेत्रमा पशुपालन गर्नको निमित्त वहुवर्षिय डालेघाँस,भुईघाँसको रोपण गरी पशुपालनलाई अगाडि बढाईने छ ।
५. पशुपँक्षी तथा पशुपन्छी जन्य उत्पादनको प्रर्वद्धनका लागि मेला हाटबजार सञ्चालन गरिनेछ ।
६. पशुहरुमा कृत्रिम गर्भाधान कार्य थालनी गरिने छ ।
७. गाउँपालिका क्षेत्रभित्र व्यवसायीक माछा पालनको सम्भावना अध्ययन गरी रेम्बो ट्राउट, असाला लगायतका माछा पालन कार्य थालनी गरिने छ ।
८. पशु नश्ल सुधारका लागि उपयुक्त जातको भाले पशुहरु व्यवस्थापन गरिने छ ।
९. व्यावसायीक पशुपालनका लागि पकेट क्षेत्र स्थापना गरी कार्य प्रारम्भ गरिनेछ ।
१० पशु विमा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## घरेलु तथा साना उद्योग

१ उद्योगको सम्भाव्यता अध्यन र स्थापना गर्न पहल गरिने छ+
२ उद्यमसिलता विकास सम्वन्धि विभिन्न तालिमहरु संन्चालन गरिने छ।

## सहकारी

१ गाउपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको दर्ता तथा नियमन परिचालन प्रक्रिया अगाडी वढाइने छ ।

## सामाजिक विकास
### स्वास्थ्य क्षेत्र तर्फ

१. रामारोशन गाउँपालिकाका जनताले घर दैलोमा निःशुल्क स्वास्थ्य सेवाको अनुभुति गराउन ७ वटै वडाको स्वास्थ्य संस्थाहरुको सेवा व्यवस्थापन गर्न गाउँपालिका तत्पर रहनुका साथै प्रति संस्था एक लाख रकम अनुदान उपलब्ध गराइने छ ।

२. गुणस्तरीय औषधीमा जनताको पहुँच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको प्रयास उपलब्धता गराई स्वास्थ्य सेवा प्रभावकारी र जनमुखी बनाउनुका साथै आवश्यकता अनुसार विशेषज्ञ सहितको शिविरहरु सञ्चालन गरिने छ ।

३. मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगति भएता पनि भौगोलिक विकट्ता र आर्थिक विपन्नता भएका ठाउँमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमि ल्याउन महिलाहरुको प्रजनन् स्वास्थ्य, सामुदायीक प्रसुति केन्द्रको विस्तार, गुणस्तरीय प्रसुती सेवा, सामुदायमा आधारित नवजात शिशु सेवाद्वारा मृत्युदर घटाउन दक्ष जनशक्ति बनाउन तिब्र गतिमा पालिका स्तरबाट व्यवस्थापन गरिने छ ।

४. समानता, जवाफदेहिता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिवद्ध रहि 'सबैका लागि स्वास्थ्य' र 'सबै स्वास्थ्यका लागि' अभियान अघि बढाउन गाउँपालिका प्रयत्नशिल रहनुका साथै स्वास्थ्यका सामाजिक कारक तत्वहरुको महत्त्वलाई आत्मासात गर्दै अन्य सामाजिक नितिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्वित गराउन 'स्वास्थ्य सबै नितिहरुमा' स्थापित गरिने छ ।

५. परिवार स्वास्थ्य लागायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा कार्यन्वयन गर्न 'एक वडा एक नर्स कार्यक्रम' सञ्चालन गरिने छ ।

६. युवा तथा किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारणलाई सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसँग सामायोजन गराइने छ ।

७. प्रजनन् स्वास्थ्यसँग सम्बन्धित हरेक पक्षको उत्थान, समस्या समाधान, सेवा विस्तार र गुणस्तरता अनुगमन अभियानलाई अगाडी बढाउन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम मार्फत समबोधन गरिने छ ।

८. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोक तान्त्रिक परिवर्तनका लागि भएको १० वर्षे जनयुद्ध, सबै जनआन्दोलन र क्रान्तिका क्रममा जिवन उत्सर्ग गर्ने शहिद परिवार, द्वन्द्व पिडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभुत गरिनेछ । सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न शारिरीक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।

९. उपचार सेवालाई व्यवस्थित बनाउन समुदायका स्वास्थ्य संस्थादेखि अति विशिष्ट सेवा प्रदायक संस्थाहरु सम्म प्रभावकारी दोहोरो प्रेषण प्रणालीको व्यवस्था गरिनेछ ।

१०. आधारभुत स्वास्थ्य सेवा गाउँपालिकाले निःशुल्क उपलब्ध गराइने र यसका लागि सरकारी (संघीय, प्रदेश र स्थानीय) लगायतका विभिन्न स्रोतबाट वित्तीय व्यवस्थापन गर्न स्थानीय सरकार(गाउपालिका)बाट न्युनतम १०%बजेट विनियोजन हुने गरेकोमा यसलाई वृद्धि गरीने छ ।

११. बजेट निकासा, खर्च र खरिद प्रक्रियालाई सरलिकरण गरिने छ।

१२. स्थानिय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल स्थापना कार्य प्राराम्भ गरिने छ ।

१३. रामारोशन गाउँपालिकाको स्वास्थ्य चौकीहरुको क्रमशः स्तर उन्नती गरी कम्तीमा एउटा स्वास्थ्य संस्थामा चिकित्सक सहित सेवा उपलब्ध गराउन व्यवस्था गरिने छ।

१४. भौगोलिक र जनसंख्याको अनुपातका आधारमा बढीमा १ घण्टाको दुरीमा एक वडा एक स्वास्थ्य संस्थाको अवधारणालाई सफलिभुत बनाउन एउटा वडामा एक स्वास्थ्य चौकी सहित आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिने छ ।

१५. गाउँपालिकाका सबै जनताको समयमै रोग निदानको लागि स्वास्थ्य संस्था स्तरमा प्रयोगशाला र एक्सरे सेवालाई बिस्तार गरिने छ ।

१६. लैङ्गिक हिंसा पिडितहरुको उपचार तथा एक द्वार संकट व्यवस्थापन केन्द्रमा प्रेषणको व्यवस्था गरिने छ ।

१७. नेपाल संविधान को 2072मर्म अनुसार बालबालिकाको अधिकार सुनिश्चत गर्न गुणस्तरिय खोप सेवा तथा पुर्ण खोप शुनिश्चितता गर्न बाह्य खोप केन्द्र भवन निर्माणमा जोड दिइने छ ।

१८. यौन रोग तथा एच आई भी एड्स लाई व्यवस्थापन गर्न ART वितरण केन्द्र स्थापना तथा सुचीकृत गर्न जोड दिइने छ ।

१९. पूर्ण संस्थागत सुत्केरी (Zero Home Delivery) कार्यक्रम सम्पुर्ण वडामा लागु गरि स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने महिलालाई पालिका स्तरबाट निःशुल्क भिडियो एक्सरे र सबै स्वास्थ्य संस्थामा 'सुत्केरी आवास गृह' व्यवस्थापन गरिने छ ।

२०. गाउँपालिकालाई पूर्ण पोषण युक्त गाउँपालिका घोषणाको लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रम मार्फत सम्बोधन गरिने छ ।

२१. गाउँपालिकामा विशेष गरेर जेष्ठ नागरिक संग सम्बन्धित सेवा, सवालहरु, नसर्ने रोगहरुको पहिचान र उपचार, अखाद्य बस्तुको कडा नियमन, मदिरा र सुर्तीजन्य पदार्थको नियमन तथा कारबाही आदि जस्ता अभिभावकत्व सँग सम्बन्धित गतिविधिहरु सरकार प्रमुख सँग अभिभावक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिने छ ।

२२. स्वास्थ्य संस्थाहरुको सरसफाई स्वच्छता कायम गर्नका लागि अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रमबाट सम्बोधन गरिने छ ।

२३. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न आधार तयार पारिनेछ ।

रामारोशन गाउँपालिका
गाउँपालिकाको कार्यालय
रामारोशन, अछाम
२०७३

१०. आधारभुत स्वास्थ्य सेवा गाउँपालिकाले निःशुल्क उपलब्ध गराइने र यसका लागि सरकारी (संघीय, प्रदेश र स्थानीय) लगायतका विभिन्न स्रोतबाट वित्तीय व्यवस्थापन गर्न स्थानीय सरकार(गाउपालिका)बाट न्युनतम १०%बजेट विनियोजन हुने गरेकोमा यसलाई वृद्धि गरीने छ ।

११. बजेट निकासा, खर्च र खरिद प्रक्रियालाई सरलिकरण गरिने छ।

१२. स्थानिय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल स्थापना कार्य प्रराम्भ गरिने छ ।

१३. रामारोशन गाउँपालिकाको स्वास्थ्य चौकीहरुको क्रमशः स्तर उन्नती गरी कम्तीमा एउटा स्वास्थ्य संस्थामा चिकित्सक सहित सेवा उपलब्ध गराउन व्यवस्था गरिने छ।

१४. भौगोलिक र जनसंख्याको अनुपातका आधारमा बढीमा १ घण्टाको दुरीमा एक वडा एक स्वास्थ्य संस्थाको अवधारणालाई सफलिभुत बनाउन एउटा वडामा एक स्वास्थ्य चौकी सहित आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिने छ ।

१५. गाउँपालिकाका सबै जनताको समयमै रोग निदानको लागि स्वास्थ्य संस्था स्तरमा प्रयोगशाला र एक्सरे सेवालाई विस्तार गरिने छ ।

१६. लैङ्गिक हिंसा पिडितहरुको उपचार तथा एक द्वार संकट व्यवस्थापन केन्द्रमा प्रेषणको व्यवस्था गरिने छ ।

१७. नेपाल संविधान को 2072मर्म अनुसार बालबालिकाको अधिकार सुनिश्चत गर्न गुणस्तरिय खोप सेवा तथा पुर्ण खोप शुनिश्चितता गर्न बाह्य खोप केन्द्र भवन निर्माणमा जोड दिइने छ ।

१८. यौन रोग तथा एच आई भी एड्स लाई व्यवस्थापन गर्न ART वितरण केन्द्र स्थापना तथा सुचीकृत गर्न जोड दिइने छ ।

१९. पूर्ण संस्थागत सुत्केरी (Zero Home Delivery) कार्यक्रम सम्पुर्ण वडामा लागु गरि स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने महिलालाई पालिका स्तरबाट निःशुल्क भिडियो एक्सरे र सबै स्वास्थ्य संस्थामा 'सुत्केरी आवास गृह' व्यवस्थापन गरिने छ ।

२०. गाउँपालिकालाई पूर्ण पोषण युक्त गाउँपालिका घोषणाको लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रम मार्फत सम्बोधन गरिने छ ।

२१. गाउँपालिकामा विशेष गरेर जेष्ठ नागरिक संग सम्बन्धित सेवा, सवालहरु, नसर्ने रोगहरुको पहिचान र उपचार, अखाद्य बस्तुको कडा नियमन, मदिरा र सुर्तीजन्य पदार्थको नियमन तथा कारबाही आदि जस्ता अभिभावकत्व सँग सम्बन्धित गतिविधिहरु सरकार प्रमुख सँग अभिभावक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिने छ ।

२२. स्वास्थ्य संस्थाहरुको सरसफाई स्वच्छता कायम गर्नका लागि अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रमबाट सम्बोधन गरिने छ ।

२३. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न आधार तयार पारिनेछ ।

२४. स्वास्थ्य क्षेत्रमा अमुल्य योगदान दिएका महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई उच्चतम् गर्दै कार्यक्रमलाई थप व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२५. सामुदायिक स्वास्थ्य कार्यक्रम लागु गर्न आवश्य व्यवस्था गरीने छ।

**बहुक्षेत्रीय पोषण योजना (MSNP) तर्फ**

१. यस गाउँपालिकामा महिला किशोरी र बालिबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई रामारोशन गाउँपालिका अछामले रु १५ लाख रकम समपुरक कोषको व्यवस्था गरिनेछ ।

२. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानिय शासन (NFLG)अबलम्बन गर्न पोषण मैत्री वार्ड घोषणका लागि विशेष अभियान सञ्चालन गरि वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ । आर्थिक बर्ष नं ७मा 077।2076. वडा लाई पोषण मैत्री घोषणा गरिने छ ।

३. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस रामारोशन गाउँपालिका अछामले उच्च प्राथमिकतामा रखे छ । सोही अनुरुप आ.ब. २०७६।०७७ का लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट रु १४ लाख ९९ हजार र यस गाउँपालिकाले छुट्याइको समपुरक रकम समेतलाई क्षेत्रगत विनियोजन गरी पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ ।

४. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा साँझेदार निकायहरु सँग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिने छ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै बाल पोषण अनुदान खोप कार्यक्रम , बाल मैत्री स्थानिय शासनमा समेत बहुक्षेत्रिय पोषण योजनालाई समेत समाबेश गर्दै लगिनेछ ।

५. गाउँपालिकाको पोषण सम्बन्धी सुचना, तथ्याङ्कहरुको व्यवस्थापनको कमी भएको कुरा लाई महशुस गर्दै गाउँपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरिय पोषण पाश्र्व चित्र (Nutrition Profile)यसै बर्ष भित्र तयार गरिने छ ।

६. बहुक्षेत्रीय पोषण योजना दोस्रो कार्यन्वयन सम्बन्धी राष्ट्रिय योजना अयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा समिति सबै वडाहरुमा गठन गरि बहुक्षेत्रीय पोषण योजनालाई मुल प्रबाहीकरण गरिने छ ।

७. पोषण लक्षित अनुगमन तथा मुल्याङ्कनको प्रारुप सहित स्थानिय योजना प्रक्रिया र योजनाहरुमा पोषणलाई समहित गरिनेछ ।

८. हालै सम्पन्न विश्वव्यापी एवम् नेपालको प्रमाण पत्र समिक्षा भएको आधारमा आमाहरुमा कुपोषण र वालबालिकाहरुमा पुड्कोपनको प्रवृतीमा कमी ल्याउन हाल उपलब्ध गराउँदै आएको बाल नगद अनुदानका साथै बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गर्न आउने आमालाई पोषण भत्ता उपलब्ध गरइनेछ ।

९. सामाजमा विद्यामान कुरिती जस्तै छाउपडी कुप्रथा, बाल विवाह, बहु-विवाह र छुवाछुत जस्ता कु-संस्कार विकृती अन्त्यका लागि गाउँपालिकाको ऐन तथा नीति नियमहरु कार्यन्वयन गरिनेछ ।

१०. सबै क्षेत्रमा बुहक्षेत्रिय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यन्वयन तथा अनुगमन सुशासन र पारदर्शिताको सुनिश्चित्ता गरिनेछ ।

## सरसफाई तर्फ

१. आ ब २०७५।७६ को हिउँदे गाउँसभामा घोषणा गरीएको "अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रम" लाई प्रभावकारी बनाइने छ ।

२. फोहरमैलाको उचित व्यवस्थापन गर्ने नीति लिइनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन गर्न डम्पिङ्ग साईटको खोजी गरी डम्पिङ्ग साइट निर्माण कार्य प्रारम्भ गरिनेछ ।

४. पुर्ण सरसफाई तथा व्यवहार परिवर्तन सम्बन्धि अभियान सञ्चालन गरिनेछ ।

५. वजार क्षेत्र तथा विभिन्न सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माणको कार्य थालनी गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ

१. "सबै भन्दा पहिला निर्णयमा महिला" नारालाई मुर्तरुप दिन यो वर्ष बन्ने सबै उपभोक्ता समिति तथा अन्य समितिमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व गराउन पहल गरिनेछ ।

२. महिलाहरुको कार्यबोझ घटाउनका लागि रामारोशन गाउँपालिकाका प्रत्येक वडामा कुटानी पिसानी मिल स्थापना गर्ने कार्यका पालिका स्तरबाट व्यवस्था गरिनेछ ।

३. महिनावारी स्वच्छता कायम गर्न "मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०७५" लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. महिलाहरुलाई सरकारी सेवा प्रवेशमा सघाउ पुर्याउन यो आर्थिक वर्षमा पनि लोक सेवा आयोग तयारी कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

५. किशोरीहरुको सशक्तिकरणका लागि किशोरी संवाद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. द्वन्द्व प्रभावित, एकल तथा विपन्न महिलाको जिविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

७. प्रत्येक घरमा भान्छाभित्रको धुँवा व्यवस्थापनको लागि पहल गरिनेछ ।

८. यस गाउँपालिकाका गरिब तथा विपन्न छात्राहरुको शिक्षामा पहुँच बढाउन उच्च शिक्षा तथा प्राविधिक शिक्षामा छात्रा छात्रवृत्ति व्यवस्था गरिनेछ ।

रामारोशन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... २०७२

९. सेनिटरी प्याडलाई सबै रजश्वला उमेरका छात्राहरुको पहुँचमा पुर्याउन प्रत्येक माध्यमिक विद्यालयमा एउटा एउटा भेण्डिङ्ग मेसिन राख्ने व्यवस्था मिलाइनेछ ।
१०. यस आर्थिक वर्ष देखि निर्माण गरिने भौतिक संरचनाहरुलाई प्रयोगकर्ता मैत्री बनाउने कुरालाई सुनिस्चित गरिनेछ ।
११. बाल क्लव गठन सञ्चालन तथा नियमन गरि बालवालिकाको हक हितका पक्षमा कार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
१२. लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिको क्षमता अभिबृद्धि गर्ने निति लिइनेछ ।
१३. जोखिममा रहेका बालवालिकाको संरक्षणका लागि व्यवस्था गरिनेछ ।
१४. महिलाहरुलाई व्यवसायिक क्रियाकलापमा संलग्न गराउने नीति लिइनेछ ।
१५. स्वास्थ्य केन्द्रहरुमा सुत्केरी आवास गृहको स्थापना गर्ने कार्य प्ररम्भ गरिनेछ ।
१६. दलित, जनजाति तथा अल्पसंख्यक जातिको क्षमता विकास तथा जिविकोपार्जनका कार्यक्रमहरु सन्चालन गरिनेछन ।
१७. दलित, जनजाति तथा अल्पसंख्यक जातिको क्षमता विकास तथा जिविकोपार्जनका कार्यक्रमहरु सन्चालन गरिनेछन ।
१८. दलित सम्बन्धि कार्यविधि २०७५ लाइ लागु गरिनेछ ।
१९. ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको लागी विशेष किसिमको कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ ।
२०. दलित समुदायको परमपरागत सिप पेशलाई संस्थागत विकासका लागी आवश्यक कार्य थालनी गरिनेछ ।

## शिक्षा क्षेत्र तर्फ

### "सुन्दर रामारोशन, साक्षर रामारोशन"

१. गाउँ शिक्षा कार्यनीति तथा विद्यालय सघन अनुगमन समितिको प्रतिवेदन २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक प्रशासनिक तथा संस्थागत सुधारका लागी गरेका सिफारिसहरु क्रमश कार्यन्वयन गर्दै लगिने छ ।
२. बालमैत्री स्थानीय शासन कार्यक्रमलाई अबलम्बन गरी पालिका क्षेत्रमा वनिसकेका विद्यालयहरुमा बालमैत्री संरचना तयार गर्न प्रोत्साहित गर्नुका साथै नयाँ निर्माण हुने भौतिक संरचनालाई सुरक्षित विद्यालयको अवधारणा अनुसार निर्माण गर्ने व्यवस्था मिलाईने छ ।
३. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ ।
४. सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागी आवश्यक पूर्वधार निर्माणको पहल गरिने छ ।
५. विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक विद्यार्थी अनुपातमा थप सामुदायीक श्रोत शिक्षक एकद्वार प्रणालीबाट कार्य विधि निर्माण गरि व्यवस्थापन गरिने छ ।

६. आगामी आर्थिक वर्षमा रामारोशनलाई 'सुन्दर रामारोशन, साक्षर रामारोशन' मूल नाराका साथ पूर्ण साक्षर गाउँपालिका घोषणा प्रक्रियालाई अगाडी बढाइने छ ।

७. राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार प्रारम्भिक वालविकास केन्द्रको गुणस्तर सुधार गरिने छ ।

८. शारीरिक मानसिक तथा संवेगात्मक विकासका लागी खेलकुदको संस्थागत विकास कार्यलाई अगाडी बढाइने छ ।

९. SEE मा उत्कृष्ठ ग्रेड प्राप्त गर्ने विद्यार्थी १ जना, १ जना छात्रा, १ जना जनजाती तथा १ जना दलितलाई उच्च माध्यमिक तहको शिक्षा अध्ययनका लागी छात्रवृत्रिको व्यवस्था गरिने छ ।

१०. अभिभावक शिक्षा कार्यक्रमलाइ प्रभावकारी ढंगले संञ्चालन गरिने छ ।

११. Clean and Green School Environment का लागी प्रत्येक वडाको उच्चतम विद्यालयमा वृक्षा रोपण कार्यक्रमका साथै नमूना विद्यालय अभियान सञ्चालन गरिने छ ।

१२. सामूदायिक विद्यालयहरुको पुर्वाधार विकासका लागी भवन खेलमैदान घेरावार स्वस्थकर सौचालय र खानेपानी विज्ञान प्रयोगशाला पुस्तकालय तथा नेट इन्टरनेट आदिको व्यावस्थाको लागी आवश्यक पहल गरिने छ ।

१३. मर्यादित विद्यालय महिनावारी व्यावस्थापनलाई उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमसँग साँझेदारी कार्यक्रमको रुपमा संञ्चालन गरिने छ ।

१४. गाउँपालिका अन्तरगतका मापदण्ड भित्र पर्ने विद्यालयहरुमा दिवा खाजा कार्यक्रम सञ्चालनको लागि पहल गरिने छ ।

१५. विद्यालय वाहिर रहेका वालवालिकाहरुको तथ्याङ्क संकलन तथा विद्यालयमा मूलप्रवाहीकरण गरिने छ ।

## बन-वातावरण तथा विपद व्यवस्थापन निति

*जल, जमिन, जंगल, जडिवुटी र जलाधार स्थानिय जनताको समवृद्धिको आधार*

१. लेकाली भेगमा जडिबुटी खेती, मध्यम उचाईमा फलफुल खेती र तल्लो भेगमा नगदेवाली तरकारी खेतीका क्षेत्र पहिचान गरि वातावरण मैत्री कृपि प्रणाली थालनी गरिनेछ ।

२. प्राकृतिक विपत पुर्व तयारी व्यावस्थापन र क्षतिपुर्तिलाई वैज्ञानिक रुपमा सञ्चालन गरिनेछ ।

३. गाउँ क्षेत्रमा बन तथा सामुदायिक वनको अवधारणालाई कार्यान्वयन गर्न एक घर एक रुख -, एक गाउँ -एक बन तथा एक गाउँ - अनेक उद्यान कार्यक्रम सन्चालनको व्यवस्था मिलाइनेछ ।

४. खोलाक्षेत्रका किनाराका वस्ती तथा बाढीपहिरोको जोखिममा रहेका बस्तिहरुलाइ दिर्घकालिन रुपमा व्यवस्थापन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. नदीजन्य बस्तुहरुको अनियमित दोहन नियन्त्रण गर्न विशेष अभियान सञ्चालन गरिनेछ ।

६. जल, जमिन, जंगल, जडिबुटी र जलाधार स्थानिय जनताको समबृद्धिको आधार मानी कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

## संस्थागत विकास तथा सेवा प्रवाह

१. सुचना, सञ्चार तथा प्रविधिको पहुँचमा विस्तार गरी वडा कार्यालय, उच्चतम विद्यालय र स्वास्थ्य चौकीहरुलाई इन्टरनेटको सञ्जालमा जोडी विद्युतीय शासनको अवधारणा अवलम्बन गरिनेछ ।

२. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी वनाउन गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई स्रोत साधन सम्पन्न बनाइनेछ ।

३. रु ५ लाख भन्दा माथिको प्रत्येक योजनाहरुको निर्माण स्थलमा अनिवार्य रुपमा निर्माण सम्वन्धी होडिङ्ग वोर्ड राख्ने व्यवस्था मिलाइनेछ ।

४. सेवा प्रवाहलाइ प्रभावकारी बनाउन कर्मचारी र पदाधिकारीको क्षमता विकासको लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

५. गाउँपालिकाको सेवा सुविधा र सूचना पुऱ्याउनका निम्ति मोबाईल एप्स निर्माण गरिनेछ ।

६. बजार अनुगमनलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिने छ ।

७. गाउँपालिका स्तरमा आवश्यक शान्ति सुरक्षा कायम राख्न प्रहँरी कार्यालयको स्तर उन्नतीको लागि पहल गरिनेछ ।

सरस्वती रावल
(उपाध्यक्ष)

**सरस्वती रावल**
**उपाध्यक्ष**